# कुशेगाउँपालिका सार्वजनिक परीक्षण कार्यविधि, २०७५

( गाँउ कार्यपालिकाबाट पारित मिति: २०७५।०१।२३)
(गाउँ सभा तथा गाँउ कार्यपालिकाबाट प्रमाणिकरण मिति: २०७५।०१।२३)
(प्रकाशित मिति: २०७५ श्रावण २१ सोमबार)

## प्रस्तावना

नेपालको संघीय शासन प्रणालीका आधार स्तम्भ स्थानीय तह मार्फत प्रवाह हुने सार्वजनिक सेवा र आर्थिक तथा सामाजिक रुपान्तरणका प्रयासहरुमा स्थानीय जनताको अपनत्व स्थापित गर्न पारदर्शिता र जवाफ देहिताको पक्ष वलियो वनाउन अपरिहार्य छ ।

स्थानीय तहको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि कुशेगाउँपालिका साथै संघीय तथा प्रादेशिक सरकार एवम् विकास साझेदारबाट कुशेगाउँपालिकामा गरिने लगानीलाई नतीजामूलक वनाउन र सार्वजनिक सेवा र विकासका काममा स्थानीय जनताको सूचनाको हक संस्थागत गर्न विगतमा विविध पहलहरु हुँदै आएता पनि पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन चुनौतीपूर्ण रही आएको छ ।

सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कामलाई जवाफदेही वनाउन, कुशेगाउँपालिकाका सबै प्रकारका स्रोत साधनमा गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व संस्थागत गर्न, कुशेगाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सहभागितामूलक किसिमले लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्न, स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्थानीय सरकार सञ्चालनका सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७४ को दफा ११ को उपदफा (७) र दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कुशेगाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७५।०१।२३ । को वैठकवाट कुशेगाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७५ पारित गरी लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. कार्यविधिको उद्देश्य :**

(क) कुशेगाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सरोकारवालावाट लेखाजोखा गराउने,

(ख) कुशेगाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रणाली अवलम्बन गर्न सामुदायिक संस्थालाई मार्गदर्शन गर्ने

(ग) कुशेगाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने

(घ) गाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रक्रियामा एकरुपता ल्याउने ।

**२. संक्षिप्त नाम :** यस कार्यविधिको नाम " कुशेगाउँपालिका सार्वजनिक परीक्षण कार्यविधि, २०७५ रहेको छ ।

**३. प्रारम्भ :** यो कार्यविधि कुशेगाउँपालिकाको कार्यपालिकाको वैठकवाट पारित भै कुशेराजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुने छ ।

**४. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा उल्लेखित,

(क) **"स्थानीय तह"** भन्नाले संघीय शासनका ३ तह मध्य १ स्थानीय तह सम्झनु पर्छ।

(ख) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ग) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(घ) **"गाउँपालिका"** भन्नाले संविधान र ऐन वमोजिम स्थापना भएको कुशेगाउँपालिका सम्झनु पर्छ ।

(ङ) **"गाउँ सभा"** भन्नाले नेपालको संविधानको धारा २२३ र ऐनको दफा १९ वमोजिमको गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(च) **"कार्यविधि"** भन्नाले "कुशेगाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७५" लाई सम्झनु पर्छ।

(छ) **"जिल्ला"** भन्नाले नेपाल राज्यको ६ नम्वर प्रदेशमा पर्ने जाजरकोट जिल्लालाई सम्झनु पर्छ।

(च) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण,सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येवाट निश्चित प्रक्रिया वमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(छ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनु पर्छ ।

(ज) **"आन्तरिक आय"** भन्नाले ऐन तथा नियमावली र गाउँपालिकाको सभावाट पारित कानून वमोजिम तोकिएको दरमा गाउँपालिकाले लगाएको स्थानीय कर, शुल्क, सेवा, शुल्क, दस्तुर, विक्री, स्रोत उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी सम्झनु पर्छ ।

(झ) **"गैरसरकारी संस्था"** भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून वमोजिम स्थापना भएका र गाउँ सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिका क्षेत्रमा गाउँपालिका र वडापालिका सँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्छ ।

(ञ) **"नियमावली"** भन्नाले संघीय सरकार वा प्रदेश सरकार वा गाउँपालिकाको नियमावलीलाई सम्झनु पर्छ ।

(ट) **"निःशर्त अनुदान"** भन्नाले संघीय नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार वा अन्य निकायवाट ऐन,नियमावली र यस कार्यविधिको परिधिभित्र रही गाउँपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी गाउँ सभाबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

(ठ) **"विकास साझेदार"** भन्नाले नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् वहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्र संघीय निकायहरू तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनु पर्छ ।

(ड) **"मन्त्रालय"** भन्नाले संघ र प्रदेश सरकारका स्थानीय तह संग समन्वय गर्ने तोकिएका मन्त्रालय सम्झनु पर्छ ।

(ढ) **"राजस्व बाँडफाँड"** भन्नाले संविधान, ऐन र कानून वमोजिम गाउँपालिकालाई उपलब्ध हुने रकम लाई जनाउँछ ।

(ण) **"लक्षित समूह"** भन्नाले महिला, वालवालिका, विपन्न, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति एवम् संघीय नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेका लक्षित वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

(त) **"स्रोत"** भन्नाले संघीय सरकार, प्रदेश सरकार तथा अन्य कुनै पनि निकायवाट गाउँपालिकालाई उपलब्ध हुने अनुदान, आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको आन्तरिक श्रोत समेतलाई जनाउँछ ।

(थ) **"सशर्त अनुदान"** भन्नाले संघीय नेपाल सरकार, प्रदेश सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य कुनै पनि निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा योजना, कार्यक्रम वा आयोजनाका लागि क्षेत्रगत अनुदान सम्झनु पर्छ ।

(द) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ऐनको दफा ८४ बमोजिम गाउँपालिकाको कार्यकारी सचिव भै कामकाज गर्न नेपाल सरकारबाट नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(ध) **"सामाजिक परीक्षण"** भन्नाले गाउँपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(न) **"सार्वजनिक परीक्षण"** भन्नाले गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि,२०७५ बमोजिम गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(प) **"सार्वजनिक सुनुवाई"** भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र गाउँपालिकाका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(फ) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना, तालिम, अभिमुखीकरण, सीप विकास, विभिन्न विकासका काममा सामाजिक परिचालन र समुदाय सशक्तिकरण तथा सहजीकरण, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्न स्थापना भएका तथा गाउँपालिका वा तोकिएका निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ र यो शब्दले विभिन्न सामुदायिक समूह/संगठन/संजाल/सहकारी/गैह्र सरकारी संस्था/क्लव/मञ्च/केन्द्र समेतलाई जनाउंदछ ।

(ब) **"आयोजना"** भन्नाले गाउँपालिकाका जनताको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि तयार पारिएका आवधिक गाउँ विकास योजना, वार्षिक गाउँ विकास योजना, विषयगत र क्षेत्रगत गुरू योजना, रणनीतिक योजना, आवधिक र विषयगत योजनामा समेटिएका क्रियाकलाप, आयोजना र कार्यक्रम समेत सम्झनु पर्छ ।

(भ) **"न्यूनतम शर्त र कार्य सम्पादन मापन"** भन्नाले गाउँपालिकाको न्यूनतम शर्त र कार्य सम्पादन निश्चित मापदण्डका आधारमा मापन गर्ने पद्धति सम्झनु पर्छ ।

(म) **" कार्यपालिका "** भन्नाले गाउँपालिकाको कार्यकारी अंगलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था

**५. सार्वजनिक परीक्षण गर्नु पर्ने :**

कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षणको व्यवस्था देहाय बमोजिम हुने छ :

(क) **कार्यक्रम वा आयोजना सार्वजनिक परीक्षण गर्नु पर्ने** : गाउँपालिकामा वाह्य तथा आन्तरिक श्रोतवाट संचालन हुने सबै किसिमका कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी पूर्व अनिवार्य रुपमा सार्वजनिक परीक्षण गराउनु पर्दछ । तर कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको प्रारम्भमा र किस्ता निकासा पूर्व सार्वजनिक परीक्षण गराउन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । यस्तो व्यवस्था निर्माण व्यवसायी, उपभोक्ता समिति, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थासंग गरिने सम्झौतामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(ख) **कार्यक्रम तथा आयोजनाको वर्गीकरण :** कार्यक्रम तथा आयोजना वा कार्यक्रमहरुमा भएको लगानीको आधारमा रु.पन्ध लाख भन्दा कम तथा बढि रकम लगानीका आधारमा साना तथा ठूला आयोजना वा कार्यक्रम भनी बर्गिकरण गरी सार्वजनिक परीक्षण कार्य सरलीकृत र विस्तृत गरिनेछ । सार्वजनिक परीक्षणको कार्य गाउँपालिका



आफै वा आयोजना कार्यान्वय गर्ने निकाय आफै वा सहजकर्ता सेवा करारमा लिई गर्न सकिने छ ।

(ग) **विकास साझेदारहरूको सहयोगबाट संचालन हुने योजनाको सार्वजनिक परीक्षण :** यस कार्यविधिमा अन्यत्र जे सुकै उल्लेख भएतापनि विकास साझेदारहरुको सहयोगमा सञ्चालित कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षण उक्त कार्यक्रम तथा आयोजनाको सम्झौता वा दस्तावेजमा उल्लेख गरेको व्यवस्था अनुसार हुने छ । सो नभएमा यसै कार्यविधि अनुसार सार्वजनिक परीक्षण गरिने छ

## परिच्छेद - ३

## साना कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था

**६. साना कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्नु पर्ने :**

समुदाय (उपभोक्ता समिति, गैर सरकारी संस्था, टोल विकास संस्था र समुदायिक संस्था) मार्फत संचालन वा निर्माण भएका रु. पन्ध लाख भन्दा कम रकम लगानी भएका आयोजनाहरूको बुँदा नं. ६ देखि ८ मा भएको व्यवस्था अनुसार सार्वजनिक परीक्षण गर्नु पर्ने छ । रु. पन्ध्र लाख भन्दा कम रकमको लगानी हुने योजनाको को लागि सहजकर्ताले अनुसूची १ मा दिइएको ढाँचा प्रयोग गर्नु पर्ने छ ।

**७. सार्वजनिक परीक्षणको सूचना :**

आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकाय (उपभोक्ता समिति, गैसस, टोल विकास समिति, सामुदायिक संस्था) ले कम्तीमा सात दिन अगावै सार्वजनिक परीक्षण हुने मिति, समय र स्थान बोली सम्वन्धित उपभोक्ता, समुदायका सदस्यहरूलाई सूचना दिनु पर्ने छ ।

**८. साना आयोजना वा कार्यक्रम सम्बन्धी विवरण तयारी :**

कार्यक्रम वा आयोजना संचालन गर्ने निकायले सम्पन्न योजना सम्बन्धी विवरण अनुसूची - २ अनुसार तयार गर्नु पर्ने छ । यसरी तयार गरेको विवरण सार्वजनिक परीक्षण गर्ने समुदाय भेलामा प्रस्तुत गरी सोको एक प्रति सम्बन्धित गाउँपालिकामा बुझाउनु पर्ने छ । साथै अनुसूची ४ अनुसार आयोजनाको सूचनापाटी राख्नु पर्ने छ ।

**९. साना आयोजना वा कार्यक्रम सार्वजनिक परीक्षण भेला संचालन विधि :**

**(क)** साना आयोजना वा कार्यक्रम सार्वजनिक परीक्षण भेला कार्यक्रम शुरु गर्नुभन्दा पहिले उपस्थिति पुस्तिका खडा गरी कार्यक्रममा उपस्थित भएका समुदायका सदस्यहरूको उपस्थिति जनाउनु पर्ने छ । कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार गर्नु पर्ने छ । सहजीकरणको कार्यतालिका नमूना अनुसूची ४ मा दिएको छ ।

**(ख)** आयोजना वा कार्यक्रम संचालन गर्ने निकायले अनुसूची २ बमोजिमको सम्पन्न आयोजनाको पूर्ण विवरण भेलामा प्रस्तुत गर्नु पर्ने छ ।

**(ग)** कार्यक्रम वा आयोजना संचालन गर्ने निकायबाट विवरण प्रस्तुत भै सकेपछि सहभागी समुदायका सदस्यहरूलाई आफ्नो विचार राख्ने अवसर दिनु पर्ने छ । सहभागीले प्रस्तुत गरेका



CamScanner

प्रतिक्रिया तथा सुझावमाथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुने छ ।

**(घ)** कार्यक्रम वा आयोजना संचालन गर्ने निकायको कुनै सदस्य वा भेलाले छानेको सहजकर्ताले सहभागीहरूबाट आएका प्रतिक्रिया तथा सुझावहरू उपस्थिति पुस्तिकामा उल्लेख गर्नुपर्ने छ । भेलामा कुनै निर्णय भएमा सोको निर्णय समेत सोही पुस्तिकामा उल्लेख गरिने छ । सहजकर्ताले सहजीकरण गर्न आफ्नो प्रयोजनको लागी अनुसूची ५ मा दिइएको चेकलिष्ट प्रयोग गर्नु पर्ने छ ।

**(ङ)** कार्यक्रमको अन्त्यमा पुस्तिकामा उल्लेख गरिएका प्रतिक्रिया, सुझाव तथा निर्णयहरू सहभागीहरूलाई सुनाई उपस्थित गाउँपालिकाका प्रतिनिधिहरू र जनसमुदायले तोकेको दुई जना प्रतिनिधिबाट प्रमाणित गराउनु पर्ने छ । यसरी प्रमाणित गरिएको टिपोटको प्रतिलिपि कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको अन्तिम भुक्तानीको लागि गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

## परिच्छेद - ४

## ठूला कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षण सम्वन्धी व्यवस्था

**१०. ठूला कार्यक्रम तथा आयोजनाका सार्वजनिक परीक्षण गर्नु पर्ने :** १) पन्ध्र लाख भन्दा बढी रकम लगानी भएका समुदाय वा उपभोक्ता समिति मार्फत संचालित कार्यक्रम तथा आयोजनाहरूको बुँदा नं.१० देखि १३ सम्म र निर्माण व्यवसायी मार्फत संचालन भएका योजनाहरूको सार्वजनिक परीक्षण बुँदा नं.१४ र १५ मा भएको व्यवस्था अनुसार सार्वजनिक परीक्षण गर्नु पर्ने छ ।

**११. समुदाय वा उपभोक्ता समिति मार्फत संचालित ठूला कार्यक्रम तथा आयोजनाहरूको सार्वजनिक परीक्षण :** १) समुदाय मार्फत संचालन भएका रु. पन्ध्र लाख रुपैया भन्दा बढी रकम लगानी भएका आयोजनाहरूको सार्वजनिक परीक्षणको कार्य सम्पादन गरी प्रतिवेदन पेश गर्न सम्वन्धित कार्यक्रम तथा आयोजनामा प्रत्यक्ष संलग्न नभएको प्राविधिक वा अन्य कर्मचारी वा सार्वजनिक परीक्षणका लागी सेवा करार लिएको व्यक्तिलाई सहजकर्ताको रुपमा गाउँपालिकाले खटाउनु पर्ने छ ।

**१२. सार्वजनिक परीक्षणको सूचना :** १) सार्वजनिक परीक्षणको लागि आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले कम्तीमा सात दिन अगावै छलफल हुने मिति, समय र स्थान खोली गाउँपालिकाले सम्वन्धित उपभोक्ताहरूलाई सूचना दिनु पर्ने छ ।

**१३. विषयवस्तु तयारी :** १) सार्वजनिक परीक्षण कार्यक्रममा एकरुपता ल्याउन आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति/गैसस/सामुदायिक संस्था/टोल विकास संस्थाले सम्वन्धित उपभोक्ताहरूलाई जानकारी गराउन अनुसूची - २ बमोजिम आयोजनाको पूर्ण विवरण तयार गर्नुपर्नेछ ।



**१४. सार्वजनिक परीक्षण कार्यक्रम संचालन विधि :**

**(क)** सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ता समिति/गैसस/सामुदायिक संस्था/टोल विकास संस्थाका पदाधिकारी, गाउँपालिकावाट खटाइएका कर्मचारी, सहजकर्ता तथा उपभोक्ताहरूको उपस्थिति पुस्तिका खडा गरी नाम, थर, ठेगाना तथा संस्थाको प्रतिनिधि भए नाम र पद समेत उपस्थिति जनाउनु पर्ने छ ।

**(ख)** सार्वजनिक परीक्षण कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारी, प्रत्यक्ष लाभान्वित उपभोक्ता र योजना क्षेत्रका स्थानीय जन प्रतिनिधि समेत उपस्थित हुनु पर्ने छ । उपस्थितिको लागि सार्वजनिक परीक्षण हुने मिति, समय, स्थानवारे सूचना दिनुपर्नेछ । आफ्नो क्षेत्रमा हुने सार्वजनिक परीक्षण भेलामा सहभागी हुनु स्थानीय जनप्रतिनिधिको कर्तव्य हुने छ ।

**(ग)** सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहितावारे गाउँपालिकावाट खटाएको सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराउनु पर्ने छ ।

**(घ)** कार्यक्रम वा आयोजना संचालन गर्ने निकायले अनुसूची-२ बमोजिमको आयोजनाको पूर्ण विवरण कार्यक्रममा प्रस्तुत गर्नु पर्ने छ । सोको लागि योजना खातालाई समेत प्रयोगमा ल्याउन सकिने छ ।

**(ङ)** कार्यक्रम वा आयोजना संचालन गर्ने निकायको तर्फबाट विवरण प्रस्तुत भए पछि गाउँपालिकाबाट खटाएको सहजकर्ताले पूर्व तयार गरिएका प्रश्नहरू राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नु पर्ने छ । सहजकर्ताले अनुसूची ४ मा दिइएको चेकलिष्टको आधारमा छलफलको सहजीकरण गर्नुपर्ने छ ।

**(च)** सहभागीहरूले कार्यक्रममा प्रस्तुत गरेका विचारहरूलाई सहजकर्ताले टिपोट गरी राख्नु पर्ने छ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमा आयोजना संचालन गर्ने निकायले थप स्पष्ट पार्नु पर्ने छ ।

**(छ)** गाउँपालिकाले खटाएको सहजकर्ताले सार्वजनिक परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिक्रिया तथा सुझावहरूको आधारमा स्थलगत अध्ययन समेत गरी वस्तुस्थिति सहित अनुसूची-१ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्ने छ । त्यस्तो प्रतिवेदन सहजकर्ताले गाउँपालिकाको प्रमुख समक्ष पेश गर्नु पर्ने छ ।

**१५. निर्माण व्यवसायी मार्फत संचालन भएका योजनाहरूको सार्वजनिक परीक्षण :** १) निर्माण व्यवसायी मार्फत संचालित भौतिक पुर्वाधार आयोजनाहरूको सार्वजनिक परीक्षण गर्ने जिम्मेवारी सो आयोजनाको लागि तोकिएको प्राविधिक कर्मचारी वा सेवा करारमा लिएको सहजकर्ता को हुने छ । प्रतिवेदन नमूना अनुसूची ३ मा छ ।



CamScanner

**१६. निर्माण व्यावसायी मार्फत संचालन भएका आयोजनाहरूको सार्वजनिक परीक्षण विधि :** १) निर्माण व्यावसायी मार्फत संचालन भएका कार्यक्रम तथा आयोजनाहरूको हकमा सार्वजनिक परीक्षण देहाय बमोजिम गर्नु पर्ने छ :

**(क)** ठेक्काबाट संचालित आयोजनाहरूको सार्वजनिक परीक्षण हुने मिति, स्थान र समय तोक्ने कार्यमा तोकिएको प्राविधिक र निर्माण व्यवसायीले समन्वय गरी सार्वजनिक परीक्षण हुनु भन्दा कम्तीमा सात दिन अगावै आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरूलाई सूचना दिनु पर्ने छ।

**(ख)** सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ताहरूको उपस्थिति पुस्तिका खडा गरी नाम, थर, ठेगाना र संस्था भएमा नाम, पद सहित उपस्थिति जनाउनु पर्ने छ।

**(ग)** सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिताबारे गाउँपालिकाबाट खटाएको प्राविधिक कर्मचारी वा सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराउनु पर्ने छ।

**(घ)** आयोजना संचालन गर्ने निर्माण व्यवसायीले आयोजनाको विवरण कार्यक्रममा प्रस्तुत गर्नु पर्ने छ।

**(ङ)** निर्माण व्यवसायीको तर्फबाट विवरण प्रस्तुत भएपछि खटिएको प्राविधिक वा सहजकर्ताले निम्न प्रश्नहरू राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिकिया तथा सुझाव आह्वान गर्नु पर्ने छ।

(१) आयोजना संचालन गर्ने निकायले प्रस्तुत गरे अनुसारको आयोजना सम्पन्नताको स्थिति
(२) आयोजना उल्लेख गरेको समयमा शुरु तथा सम्पन्न भए/ नभएको
(३) आयोजना वा कार्यक्रम कार्यान्वयन प्रारम्भ हुनु अघि पर्याप्त जानकारी भए/ नभएको
(४) काम गर्ने मानिसहरूले ज्याला पाएका /नपाएका
(५) आयोजनामा प्रयोग भएका सामग्रीहरू गुणस्तरीय भए / नभएको
(६) गाउँपालिकाबाट समय समयमा निरीक्षण भए /नभएको
(७) निरीक्षण पश्चात् प्राप्त सुझावहरू कार्यान्वयन भए /नभएको
(८) प्राविधिकहरूबाट नियमित सुपरीवेक्षण भई सुझाव र सल्लाह प्राप्त भए /नभएको
(९) प्राविधिकबाट दिइएका सल्लाह र सुझावहरू उपयुक्त भए / नभएको

**(च)** यी मुख्य प्रश्नहरू बाहेक प्राविधिक वा सहजकर्ताले अनुसूची ५ मा दिइएको रुपरेखा अनुसार तथा अनुसूची ४ को चेकलिष्टको आधारमा छलफलको सहजीकरण गर्नु पर्ने छ।

(छ) सहभागीहरूले कार्यक्रममा प्रस्तुत गरेका विचारहरूलाई आयोजना वा कार्यक्रममा संलग्न प्राविधिक र निर्माण व्यवसायीले नाम सहित टिपोट गर्नु पर्ने छ । सहभागीले प्रस्तुत गरेका प्रतिकिया तथा सुझाव माथि थप स्पष्ट निर्माण व्यवसायी एवं प्राविधिकले पार्नु पर्ने छ।

(ज) सहजकर्ताले सार्वजनिक परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिकिया तथा सुझावहरूको आधारमा स्थलगत अध्ययन समेत गरी वस्तुस्थिति सहितको प्रतिवेदन अनुसूची-१ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ। त्यस्तो प्रतिवेदन गाउँपालिकाको प्रमुख समक्ष पेश गर्नु पर्ने छ।



१७. **सहयोग लिन सक्ने :** १) गाउँपालिकाले सार्वजनिक परीक्षणको लागि स्थानीय तहमा कार्यरत सामुदायिक संस्था वा गैर सरकारी संस्था वा अन्य संघ संस्थाको सहयोग लिन सक्ने छ।

१८. **सूचना पाटी राख्ने :** १) पूर्वाधार कार्यक्रम वा आयोजनाको विवरण सहितको सूचना पाटी तयार गरी योजना स्थलमा राख्नुपर्नेछ। सूचना पाटीको ढाँचा अनुसूची-६ मा दिइएको छ।

१९. **आचार संहिता : १)** सार्वजनिक परीक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन व्यवस्थित कार्यतालिका तयार गरी छलफल सञ्चालन गर्नु पर्नेछ। सहजकर्ताले छलफललाई विषयमा केन्द्रित गरी व्यवस्थित रुपमा सञ्चालन गर्न अनुसूची ५ र ४ मा दिइएको नमूना कार्यक्रम तालिका प्रयोग गर्नु पर्नेछ। सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न बमोजिमको आचार संहिता पालना गर्नु पर्ने छ :

(क) विषयवस्तुमा मात्र केन्द्रीत रही छलफल गर्ने।
(ख) निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने।
(ग) सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिकिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने।
(घ) व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने।
(ङ) सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचार राखे वापत धन्यवाद दिने।
(च) सहजकर्ताले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने।
(छ) बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने।
(ज) सार्वजनिक परीक्षणमा प्राप्त सुझावलाई पृष्ठपोषणको रुपमा लिने: सार्वजनिक परीक्षण आयोजना संचालनमा जनसहभागिता वृद्धि गर्न तथा जनताहरूबाट सुझाव तथा प्रतिकिया लिने उद्देश्यले संचालन हुने हुनाले सार्वजनिक परीक्षणको क्रममा सहभागीहरूले व्यक्त गरेका विचारलाई पृष्ठपोषणको रुपमा लिनु पर्ने छ।

२०. **सार्वजनिक परीक्षणमा प्रस्तुत गर्नुपर्ने कागजातहरू :** १) सार्वजनिक परीक्षणमा खटिएका सहजकर्ताले योजना संझौता, योजना खाता, निर्णय पुस्तिका, पत्राचार सम्बन्धी कागजात, आय व्यय विवरण र अन्य आवश्यक कागजातहरु सक्कलै वा प्रतिलिपी प्रस्तुत गर्नु वा गर्नु लगाउनु पर्ने छ।

## परिच्छेद - ५

## प्रतिवेदन कार्यान्वयन

२१. **प्रतिवेदन पेश गर्नुपर्ने :** १) गाउँपालिकाको सहयोगमा संचालित आयोजना वा कार्यक्रमहरूको सार्वजनिक परीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकाको प्रमुख समक्ष पेश गर्नु पर्ने छ। गाउँपालिकाको प्रमुखले सार्वजनिक परीक्षण प्रतिवेदनहरू गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नु पर्ने छ।

२२. **प्रतिवेदनका आधारमा भुक्तानी दिनु पर्ने :** १) सार्वजनिक परीक्षण प्रतिवेदनको आधारमा आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी गर्नु पर्ने छ।



CamScanner

**२३. प्रतिवेदन सार्वजनिक गर्नु पर्ने :** १) सार्वजनिक परीक्षण प्रतिवेदनका मुख्य मुख्य कुराहरु (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी स्थानीय निकायले सार्वजनिक गर्नु पर्ने छ।

**२४. प्रतिवेदन गाउँ सभा बैठकमा पेश गर्नु पर्ने :** १) सार्वजनिक परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न गाउँपालिकाले नीतिगत निर्णय गर्न सक्ने छ । यसका लागि सार्वजनिक परीक्षण प्रतिवेदनको सारांश गाउँ सभा बैठकमा पेश गर्न अनिवार्य हुने छ। प्रतिवेदनमा उल्लेखित कुराहरु कार्यान्वयन गर्नु गाउँपालिकाको कर्तव्य हुने छ।

## परिच्छेद - ६

## विविध

**२५. अन्य निकायहरुवाट यस सार्वजनिक परीक्षण कार्यविधिको प्रयोग :** १) गैसस तथा अन्य सार्वजनिक संस्था, विषयगत कार्यालयहरु हरूले पनि यस कार्यविधिलाई प्रयोग गर्न सक्नेछन्। सो गर्न गराउन गाउँपालिकाले सहयोग गर्नु पर्नेछ ।

**२६. अभिमुखिकरण सम्बन्धी व्यवस्था :** १) गाउँपालिकाले यो कार्यविधि लागू गरेपछि पदाधिकारी, कर्मचारी तथा मुख्य सरोकारवालालाई एक दिने अभिमुखिकरण कार्यक्रम संचालन गर्नु पर्ने छ। अभिमुखिकरण कार्यक्रममा प्रस्तुत गर्ने विषयको ढाँचा अनुसूची-६ मा दिइएको छ। गाउँपालिकाले सार्वजनिक परीक्षणका वारेमा सर्वसाधारणको जानकारीको लागि प्रचार प्रसार गर्नु पर्ने छ।

**२७. व्याख्या, थपघट र हेरफेर :** १) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्ने छ।

**२८. बचाउ : (१)** यो कार्यविधि वन्नु भन्दा अगाडी सार्वजनिक परीक्षण सम्बन्धमा यस अघि भए गरेका संपूर्ण काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिने छ ।

**२९. अमान्य हुने :** (१) यस कार्यविधिको कुनै प्रावधान प्रचलित संघीय, प्रादेशिक र गाउँपालिकाको कानून सँग वाझिएमा वाझिएको हद सम्म अमान्य हुने छ ।



## अनुसूची १
## (कार्यविधिको वुंदा ६ संग सम्बन्धित)
## सार्वजनिक परीक्षण प्रतिवेदनको ढांचा

**१. योजनाको विवरण :**

(क) नाम : (ख) योजना स्थल :

(ग) लागत अनुमान : (घ) योजना शुरु मिति :

(ङ) सम्पन्न मिति : (च) योजनाको अवस्था :

(१) सम्पन्न (२) अधुरो (३) विग्रिएको

**२. उपभोक्ता समिति/गै.स.स./सामुदायिक संस्थाको :**

(क) नाम : (ख) अध्यक्षको नाम :

(ग) सदस्य संख्या (१) जम्मा (२) महिला (३) पुरुष

**३. सार्वजनिक परीक्षण भएको** क) मिति : ख) स्थान : ग) समय :

**४. उपस्थिति :** (उपस्थितिको छाँया प्रति संलग्न गर्नु पर्ने )

| क्रम संख्या | नाम | ठेगाना | पद |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

**५. योजनाको लक्ष्य तथा प्रगति विवरण :**

| क्रम संख्या | कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**६. उपभोक्ता समिति/गैसस/सामुदायिक संस्थाले पेश गरेको आम्दानी खर्चको विवरण :**

**क. आम्दानी तर्फ :**

| क्रम संख्या | आम्दानी तर्फ | | |
|---|---|---|---|
| | विवरण | रकम रु. | कैफियत |
| १ | गाउँपालिकावाट निकासा | | |
| २ | सामग्री | | |
| ३ | जन सहभागिता | | |
| ४ | श्रमदान | | |
| ५ | अन्य विविध | | |

**ख. खर्च तर्फ :**

| अनुदान तर्फ | | श्रमदान तर्फ | |
|---|---|---|---|
| **विवरण** | **रकम रु.** | **विवरण** | **रकम रु.** |
| **१. निर्माण सामग्री** | | **१. निर्माण सामग्री** | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| **२. कामदार** | | **२. कामदार** | |
| | | | |
| | | | |
| | | | |
| **३. ढुवानी** | | **३. ढुवानी** | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| **४. मेशिनरी औजार** | | **४. मेशिनरी औजार** | |
| | | | |
| | | | |
| | | | |
| **५. अन्य विविध** | | **५. अन्य विविध** | |
| | | | |
| | | | |
| | | | |
| **जम्मा** | | **जम्मा** | |

**७. उपभोक्ता समिति/ सामुदायिक संस्थाले पेशगरेको विवरण माथि सार्वजनिक परीक्षणमा उपस्थित व्यक्तिहरूको प्रतिक्रिया तथा सुझाव :**

| क्रम संख्या | सुझावकर्ताको नाम थर | सुझावको क्षेत्र, प्रतिक्रिया तथा सुझावको सारसंक्षेप | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |





उपर्युक्त खर्च विवरण उपभोक्ता समितिले पेश गरेको विवरण सँग मेल खान्छ वा खाँदैन । मेल नखाने भएमा कैफियत जनाउने :

**८. जानकारीका लागि सो विवरण सबै सरोकारवालाहरूलाई सूचित गर्न सार्वजनिक स्थलको सूचना पाटी टाँस भए / नभएको**

| | | |
|---|---|---|
| ................................ | ................................ | ................................ |
| नाम : | नाम : | नाम : |
| सहजकर्ता/प्रविधिक | उपभोक्ता समितिको अध्यक्ष | गाउँपालिकाको पदाधिकारी |

## अनुसूची २

(कार्यविधिको वुंदा ८ संग सम्वन्धित)

### उपभोक्ता समिति/सामुदायिक संस्थावाट सम्पन्न योजना सम्बन्धी विवरण

**१. योजनाको विवरण :**

(क) नाम : (ख) योजना स्थल :

(ग) पहिलो किस्ता रकम : प्राप्त मिति :

घ) लागत अनुमान : (घ) योजना शुरु हुने वा भएको मिति :

ङ) सम्पन्न हुने वा भएको मिति : (च) ठेक्का अङ्क :

**२. उपभोक्ता समिति/गैसस/टोल विकास संस्था/सामुदायिक संस्थाको ) :**

(क) नाम : (ख) अध्यक्षको नाम :

(ग) सदस्य संख्या : जम्मा महिला पुरुष

**३. आम्दानी खर्चको विवरण :**

(क) आम्दानी तर्फ :

| आम्दानीको स्रोत (कहाँबाट नगद वा जिन्सी प्राप्त भयो स्रोत खुलाउने) | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**(ख) खर्च तर्फ :**

| खर्चको विवरण | दर | परिमाण | जम्मा रकम |
|---|---|---|---|
| १. सामग्री (के के सामग्री खरिद भए ?) | | | |
| | | | |
| २. ज्याला (के वापत कति ज्याला भुक्तानी भयो ? | | | |
| | | | |
| ३. श्रमदान ( कतिजनाले कुन काममा श्रमदान गरे?) को विवरण | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |
| | | | |
| | | | |

**(ग) मौज्दात**

| विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| नगद | | |
| (क) वैंक | | |
| (ग) व्यक्तिको जिम्मा | | |
| सामग्री | | |
| | | |

**(घ) भुक्तानी दिन बाँकी**

| विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**४. योजनाको लक्ष तथा प्रगति विवरण :**

| क्रम संख्या | कामको विवरण | लक्ष्य | प्रगति | पुष्ट्यांईका आधार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

५. योजनाले पुर्‍याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या : (योजना संचालन भएको स्थानका उपभोक्ताहरू)

६. आयोजना वा कार्यक्रम संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड : (कस कसले के कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने :

७. आयोजना वा कार्यक्रम संचालनको क्रममा सम्बन्धित निकायले गरेको अनुगमन पटक :

८. कार्यक्रम संचालनको क्रममा भोगेका समस्याहरू (बुंदागत रुपमा लेख्ने) :

९. कार्यक्रम संचालनको क्रममा भएको राम्रो सिकाइ (बुंदागत रुपमा लेख्ने) :

१०.सम्पन्न योजनालाई दिगो रुपमा संचालन गर्न भविष्यको योजना के छ ? (बुंदागत रुपमा लेख्ने) :

११. समितिको सुझाव अन्य केही भए (बुंदागत रुपमा लेख्ने) :

१२. उपभोक्ता समिति/सामुदायिक संस्थाका पदाधिकारी तथा सदस्यहरूको दस्तखत :

.............................     ..................................     ..................................

नाम :     नाम :     नाम :

कोषाध्यक्ष     सचिव     अध्यक्ष

विवरण तयार पारेको मिति :



## अनुसूची ३
### (कार्यविधिको बुंदा ६ संग सम्बन्धित)
### निर्माण व्यवसायीबाट भएको कामको सार्वजनिक परीक्षण प्रतिवेदनको ढांचा

१. योजनाको विवरण :

(क) नाम :     (ख) योजना स्थल :

(ग) लागत अनुमान :     (घ) योजना शुरु मिति :

ङ) सम्पन्न मिति :     (च) ठेक्का अङ्क :

२. योजनाको अवस्था :

(क) सम्पन्न :     (ख) अधूरो :     (ग) बिग्रिएको :

३. निर्माण व्यवसायी कम्पनी वा फर्मको विवरण :

(क) नाम :     (ख) प्रमुख/प्रोपाइटरको नाम :

४. गैह्र सरकारी संस्था/सामुदायिक संस्था/कम्पनीको विवरण :

(क) नाम :     (ख) प्रमुखको नाम :

५. सार्वजनिक परीक्षण सम्बन्धी थप विवरण :

(क) भएको मिति :     (ख) भएको स्थान :     ग) भएको स्थान :

६. उपस्थिति :

| क्रम संख्या | नाम | ठेगाना | पद |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

७. योजनाको लक्ष्य तथा प्रगति विवरण :

| क्रम संख्या | कामको विवरण | लागत अनुमान | यथार्थ |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |



CS CamScanner

८. निर्माण व्यवसायीले पेशखगरेको विवरण माथि सार्बजनिक परीक्षणमा उपस्थित ब्यक्तिहरूको प्रतिकिया तथा सुझाव :

| क्र.सं. | सुझावकर्ताको नाम थर | सुझावको क्षेत्र | प्रतितक्रिया ततथा सुझावको सार संक्षेप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

९. सहभागीवाट आएका विचार तथा अवलोकनवाट देखिएका तथ्यहरूको विश्लेषण :

| | | |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| प्राविधिक/सहजकर्ता | निर्माण व्यवसायी | गाउँपालिका पदाधिकारी |



## अनुसूची –४
### (कार्यविधिको बुँदा ९ (क) संग सम्वन्धित)
### सार्वजनिक परीक्षण अभिमुखिकरण कार्यक्रममा प्रस्तुत गर्ने विषयवस्तु :

**१. परिभाषा :**

**क) वित्तीय लेखापरीक्षण :**

यसले संस्थाको वित्तीय कारोवारको लेखाजोखा तथा पुष्टि गर्दछ । जसमा स्वीकृतिप्राप्त स्वतन्त्र लेखापरीक्षकहरूवाट वित्तीय कारोवारको लेखा र त्यसको जांच गरी वित्तीय कारोवारको अन्तिम प्रतिवेदन दिने कार्य हुन्छ । यस भित्र आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण समावेश हुन्छन् ।

**ख) सार्वजनिक परीक्षण :**

सार्वजनिक निकायहरूले आफनो क्षेत्रभित्र संचालित कार्यक्रम वा आयोजनाहरूको कार्यान्वयन सुनिश्चित गरी सम्पादन हुने वा सम्पादित कामको परिमाण, लागत, गुणस्तर समेतको लेखाजोखा गर्न स्थानीयउपभोक्ता तथा सरोकारवालाहरूको सहभागितामा सार्वजनिक परीक्षण गर्दछ । सार्बजनिक परीक्षणको प्रक्रियाले संचालित योजनाको उद्देश्य प्राप्तिमा मात्र सहयोग पुर्याउने नभई योजनाका सकारात्मक र सुधार गर्नुपर्ने पक्षका प्राप्त अनुभव र दृष्टान्तहरूलाई विश्लेषण गरी निर्णय प्रक्रियाका तहमा पृष्ठपोषण गर्दछ । संचालित कार्यक्रम वा आयोजनाहरू निर्धारित समय र कार्यतालिका अनुरुप कार्यान्वयन भए, भएनन् ? त्यसमा के कति र कसवाट लगानी भएको छ ? के मा कति खर्च भयो ? कामको गुणस्तर कस्तो छ ? खर्च प्रकिया तथा विवरण ठीक छन् वा छैनन्? के कस्ता सुधार कार्य उपयोगी हुन्छ आदि पक्षवारे सरोकारवालसंग गरिने छलफल, अन्तरक्रिया, विश्लेषण र सूचनाको आदानप्रदानले स्थानीय स्तरमा गरिने विकासका कार्यक्रमहरूलाई पारदर्शी, उत्तरदायी र जनमुखी तुल्याउने मात्र होइन स्थानीय उपभोक्ताहरूलाई आफना भावना व्यक्त गर्न सक्षम बनाउँदछ । सार्वजनिक परीक्षण सामाजिक सशक्तिकरण, सामुदायिक सहभागिता तथा नागरिक गिाउँनीको निम्ति आवश्यक व्यवस्थापकीय औजार पनि हो ।

सार्वजनिक परीक्षण योजना संचालनमा जनसहभागिता बृद्धि गर्न तथा जनताहरूवाट सुझाव तथा प्रतिक्रिया लिने उद्देश्यले संचालन हुन्छ, त्यसैले सार्वजनिक परीक्षणमा सहभागीहरूवाट व्यक्त भएका विचारहरू भविष्यको नीति निर्माणको लागि आधार हुन सक्दछ । योजना फरफारक गर्ने काम स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र गाउँपालिकाका अन्य कानूनमा व्यवस्था भएका आधारहरू तथा पेश भएका प्रमाणको आधारमा गर्नु पर्ने छ । योजना फरफारकको क्रममा सार्वजनिक परीक्षणका बखत ब्यक्त विचारलाई आधार लिई फरफारक गर्ने नगर्ने भन्ने निर्णय गर्नु हुँदैन ।

**२. सार्वजनिक परीक्षणको क्षेत्र**

**क) आन्तरिक रुपमा संचालन हुने :**

सार्वजनिक परीक्षण कार्य स्थानीय निकायले आन्तरिक रुपमा सम्पादन गर्दछ । यसले संचालित योजनाको गुणस्तरमा सुधार ल्याउँछ तथा कार्यान्वयन गर्ने निकायको आन्तरिक व्यवस्थापनको सुधारकालागि सुझाव लिन तथा प्राप्त सुझावलाई कार्यान्वयन गर्ने उद्देश्यले संचालन गरिन्छ । यो आम उपभोक्ताहरूवाट संचालित योजनाको प्रारम्भिक जाँचपास पनि हो ।

ख) उद्देश्य अनुरुप लगानी भए नभएको जाँच तथा सुधार :
सार्वजनिक परीक्षण कार्यमा उपभोक्ता वर्गलाई स्वयम् संलग्न गराई सहभागितामूलक र पारदर्शी ढंगले भए गरेका कार्यहरूको विवेचना गर्ने, लेखाजोखा गर्ने, सबल र दुर्बल पक्षहरूको विश्लेषण गरी आगामी दिनहरूमा गर्नुपर्ने सुधारात्मक कार्यको पहिचान गरिन्छ । यसबाट संलग्न सरोकारवालाहरूले सम्पन्न भैसकेका कार्यक्रमबाट सिकेका नयाँ सिकाइ/पाठ आदान प्रदान गरी थप सुधारात्मक उपायहरूको पहिचान गरिन्छ ।

ग) सरोकारपक्षहरूको सहभागिता र खुल्ला छलफल :
सार्वजनिक परीक्षण कार्य मुख्यत उपभोक्ताहरूको चाहना तथा प्रतिक्रिया बुझ्न संचालन गरिन्छ । सार्वजनिक परीक्षणमा सबै उपभोक्ता तथा योजनाका सरोकारवालाको प्रतिनिधित्व गराई उपभोक्तालाई लागेका कुराहरू बोल्न स्वतन्त्रता दिइन्छ ।

३. सार्वजनिक परीक्षणको उद्देश्य :
(क) योजनाको आम्दानी खर्च तथा अन्य विवरणहरू आम उपभोक्ताहरू समक्ष राखी उपभोक्ताहरूको प्रतिक्रिया लिने ।
(ख) कार्यक्रम प्रति जनचासो वृद्धि गरी सम्बन्धित सरोकारवालहरूको सहभागिता वृद्धि गर्ने ।
(ग) निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शी व्यवहार अवलम्बन गर्न गराउन सजग गराउने ।
(घ) कार्यक्रममा हुनेसक्ने अनियमितता नियन्त्रण गर्ने र कुनै अनियमितता भएको पाइएमा नियन्त्रण गर्न उपभोक्ताहरूलाई जिम्मेवार बनाउने ।
(ङ) योजनामा आम उपभोक्ताहरूको स्वामित्व भाव स्थापित गर्ने ।

४. सार्वजनिक परीक्षण पद्दति : ( व्यवस्था भएका बिधिको व्याख्या गर्ने)

५. सार्वजनिक परीक्षणमा ध्यान दिनु पर्ने कुराहरू :
(क) आम उपभोक्ता भेला भए, नभएको
(ख) महिला, दलित र पिछडिएको वर्गको उचित प्रतिनिधित्व भए, नभएको
(ग) कार्यक्रमले समेटने क्षेत्रको समानुपातिक प्रतिनिधित्व भए, नभएको
(घ) कार्यालय/आयोजना वा कार्यक्रम/कार्यक्रमको हालसम्मको कार्यान्वयन स्थिति जानकारी गराइएको वा गाउँइएको
(ङ) कार्यालय/आयोजना वा कार्यक्रम/कार्यक्रमको भौतिक र वित्तीय प्रगति जानकारी गराइएको, गाउँइएको
(च) विगतका परीक्षणवाट औंल्याइएका सुझावहरूको कार्यान्वयन भए, नभएको
(छ) अनुगमन सूचकहरू तयार गरिएको, नगरिएको
(ज) अनुगमनवाट देखिएका कमजोरीहरूको सुधार गरिएको,नगरिएको
(झ) सहभागीहरूलाई लागेका कुराहरूबोल्न दिइएको,नदिइएको
(ञ) सहभागीहरूका विचारलाई जस्ताको तस्तै प्रतिवेदनमा प्रस्तुत गरिए, नगरिएको
(ट) फारामहरूको प्रयोग : (अनुसूचीमा व्यवस्था भएका फारामहरूको व्याख्या गर्ने)
(ठ) गाउँपालिकाले सार्वजनिक परीक्षण अभिमुखिकरणमा संलग्न गराउनु पर्ने सहभागीहरू (अधिकतम ५० जना)
(१) गाउँपालिकाका वर्तमान पदाधिकारीहरू र भूतपूर्व प्रमुख तथा उपप्रमुखहरू



(२) गाउँपालिकाका शाखा प्रमुख तथा विषयगत कार्यालयका प्रमुखहरू
(३) विकास योजनाको कार्यान्वयनसंग सम्बन्धित कर्मचारीहरू
(४) उद्योग वाणिज्य संघ तथा प्रमुख करदाताहरू
(५) गै. स. स. महासंघ र प्रमुख गैससका प्रतिनिधिहरू
(६) राजनैतिक दलका प्रतिनिधिहरू
(७) महिला, लैङ्गिक समता, दलित, जनजाति, पिछडिएका वर्ग आदिको उत्थानमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरू
(८) कार्यरत सामुदायिक संस्थाका प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरू

## अनुसूची ५
### (कार्यविधिको बूंदा १६ (च) संग सम्बन्धित)
### सार्वजनिक परीक्षणमा उपयोग गर्ने कार्यक्रमको रुपरेखा

- कार्यक्रम औपचारिक वा अनौपचारिक कसरी गर्ने (तय गर्ने)
- भेलाको उद्देश्यबारे जानकारी गराउने
- योजनाको स्थिति वा प्रगति बारे प्रस्तुतिकरण
- योजनाको स्थितिबारे सहभागीको टिप्पणी
- योजनाको आम्दानी खर्च विवरण प्रस्तुत गर्ने
- आम्दानी खर्च उपर सहभागीको टिप्पणी लिने
- भेलाको सुझाव उल्लेख गर्ने
- रेकर्ड गरिएको सुझाव तथा सही छाप



CamScanner

## अनुसूची –६
### (कार्यविधिको बुँदा १८ संग सम्बन्धित)

## आयोजनाको सूचनापाटीको ढाँचा

१. कार्यक्रम वा आयोजना नाम :

२. कामको मूख्य विवरण :

३. निर्माण कार्य शुरु मिति :

४. निर्माण कार्य सम्पन्न हुने अवधि :

५. कार्यक्रम वा आयोजनाको लागत / बजेट :

६. कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने संस्था वा उपभोक्ता समितिको नाम :

७. लागत ब्यहोर्ने मुख्य संस्था/कार्यालय :

८. उपभोक्ता/समुदायवाट ब्यहोरिने रकम :



CamScanner